# Puspa Shrestha

Best Quality Resource Site for Class 11 And 12 Students
(Based on Updated Curriculum 2077)

Puspa Shrestha
Best Quality Resource Site for Class 11 And 12 Students (Based on Updated Curriculum 2077)
puspas.com.np
PDF Collections
Notes
Books
Model Questions

This PDF was downloaded from **puspas.com.np**

---

Visit our website for more materials.

puspas.com.np

Follow us on:

AR Dinesh | puspas.com.np | Puspa Shrestha

पाठ ६

# त्यो फेरि फर्केला ?

*– भवानी भिक्षु*



क्रमशः अग्लो हुँदै गएको कष्टप्रद, कठोर, दुर्गम पहाडको क्षीण पथलाई आँखाले भेटेसम्म हेर्दा मान्छे पो हो कि भ्रम पार्ने एउटा धब्बा जस्तो केही पनि देखिएन ।

सूर्यले पश्चिमतर्फको पर्वतपछाडि आफ्नो मुख लुकाए तापनि तिनको लाली कालो पहाडका टुप्पाहरूमा फैलिन गएको थियो । खोलाहरू आफ्नो अविराम गीत गाएकागाएकै थिए । उनीहरूलाई जगत्को चिन्तामा केही रस, अनुरक्ति थिएन । धमिलोपना अन्धकारतिर डुब्दै गइरहेको थियो ।

मधेसबाट आउन लागेको एउटा यात्रीले, यौवनको सिँढीमा खुट्टा अडाई घरको द्वारमा उभिएकी सानीसँग सोध्यो- "यहाँ बास पाइन्छ ?"

"कुन्नि, आमासँग सोध्नुपर्छ ।"

"आमा ! तिम्री आमा कता छिन्, को हुन्, मैले त चिनेको छैन । कोसँग सोध्ने ?"

अनि "आमा ... ए आमा ... !" पुष्ट कण्ठबाट निस्केको यो मिठो र तीव्र स्वर पर्वतको कुना कुनामा पस्न गयो । तर कोही पनि आएन । एकै छिन प्रतीक्षा गरेपछि, "पर्खनोस् है म अहिल्यै आमालाई डाकी ल्याउने छु" भन्दै सानी एकातिर गई र अलि बेरमै एउटी बुढीसँग यात्रीको सम्मुख आइपुगी ।

"लौ आमा यिनै हुन्, तपाईंका भरियाहरू कता छन् ?"

"भरिया एउटै छ । त्यो पनि बुढो, हिँड्नै नसक्ने ? त्यसैले गर्दा त यहाँ बस्नुपऱ्यो । नत्र आज चित्लाङ पुग्ने विचार गरेको थिएँ । त्यहाँ चिनाजानी भएका पसलेहरू पनि छन् । बास पनि राम्रै ठाउँमा पाइन्थ्यो । तर ... खोइ ! यो त भट्टी पसल पो हो क्यारे ?"

"हो ... ।" स्वरलाई अलि तान्दै, आश्चर्य र उपेक्षा मिश्रित स्वरमा उत्तर दिई ।

"भट्टी पसल भए‍र के हुन्छ ? चित्लाङमा पनि त त्यही हो नि । छेउको कोठा त सफै छ ।" सानीले तुरुन्त भनी ।

"होइन" - बुढीले सोधी, - ... "केही खानपिन पनि गर्नुहोला कि ?"

"पिउन त होइन, खान मात्रै । भाँडाबर्तन सँगै छन् ।"

सानीले आफ्नी आमाको मुखनेरै मुख लगे‍र भनी - "किन आमा चामल, दाल, घिउ, दाउरा त किन्ने नै छन्, नुन, तेल, मसला, तरकारी ... । पर कोठामा भान्छा र छेउको कोठामा सुते त भइहाल्यो नि ।"

"एकपल्ट कोठा हेरूँ । सफा छ कि, सफा नभए त ... ।"

"किन हुन्नथ्यो ! हेर्नुस्, कोठामा के छ र ? भर्खर लिपिराखेको कोठा, चाहिए एउटा सुकुल पनि ओछ्याइदिउँला । लौ, भरिया पनि आइपुग्यो । बस्नुहुन्छ कि ?"

"ए सानी, आइज" भन्दै बुढी माथि उक्ली । सानी द्वारमै उभेकी थिई । आइपुगेको भरियाले मुखबाट एउटा सुस्केरा हाली भारी बिसाउँदै भन्यो- "यति गह्रुँगो भारी, यस्तो उकालो, नौ सुका ज्याला, उसैमा भरिया नाइके पनि, बाटो खर्च पनि ... इसोर !"

चुपचाप उभिएकी सानीको अनुहारमा छचल्किरहेको जिज्ञासामा पनि आशा, विश्वास र सन्तोषको पनि आभा देखियो ।

कोठासोठा हेरिसकेपछि यात्रीले त्यहीँ बास बस्ने निश्चय गर्‍यो र सानी पनि अलि स्वस्थ झैँ भई । भरियाको सहायताले एउटा कोठामा सुकुल हाली भुइँमै आफ्नो ओछ्यान ओछ्याएर त्यसले अलि अलि निश्चिन्तताको सास फेर्न लागेको के थियो, भरियाले भन्यो- "लौ त अब जाऊँ हजुर ... थाकिराखेको छु, केही खानपिन पनि गर्नुपर्ला, खाना खानलाई दुई चार आना दिनुपर्ने हो ।"

"ला ... " भनेर यात्रीले चार पैसा फ्याँकिदियो । एउटा सन्तोषको दृष्टि हाल्दै बुढो भरिया भुइँबाट पैसाहरू टिपी जान लागेकै थियो, फेरि त्यो सानीले सोधी-

"भान्छालाई के के ल्याउनुपर्ला, भन्नोस् न ! रात पर्न आँट्यो, तपाईंसित लालटिन त छँदै छ, मटितेल पनि चाहिन्छ कि ?"

यस प्रश्नको उत्तर नदिएर त्यसले जान लागेको भरियालाई भन्यो- "ए बुढा, डोकोबाट भाँडाहरू झिकेर खोलामा पखाली ल्याऊ ।" अनि सानीतिर फर्केर भन्यो- "पानी ल्याउन एउटा गाग्री त दिनुपर्ला, पानी पनि ल्याइहालोस् । अब यो पनि खानपिनमा लाग्ने छ ।"

“हुन्छ, म अहिल्यै माथिबाट ल्याइदिन्छु ।”

“तर गाग्री सफा छ ?”

“लौ ! गाग्रीमा के लागेको छ र ? चित्त बुझ्दैन भने खोलामा माझेरै पानी ल्याउनु भनेपछि त भैहाल्यो नि !” बालिकाको अनुहारमा अलि सङ्कोच छर्लङ्ग हुन गएको थियो ।

भरियाले डोकाबाट भाँडाहरू झिकिसकेको थियो । सानीले माथिबाट तुरुन्तै एउटा सानो पित्ले गाग्री ल्याइदिई । त्योसमेत लिएर भरिया खोलातिर गयो । त्यसपछि युवा यात्रीले सन्ध्याको धमिलो प्रकाशमा हेऱ्यो -“त्यो भट्टी पसल्नीकी छोरीको परिचय, बाह्य आवरण मैलो र दरिद्रताको विज्ञापन भए पनि त्यसको अनुहार नराम्रो थिएन । गालामा पार्वत्य वायु र परिश्रमको सुन्दर उपहार, स्वाभाविक लाली र यौवनको सिँढीमा उक्लिरहेको त्यसको बैंस छ । आँखा गोल, उज्ज्वल र भित्रका नानी निकै काला र चञ्चल छन् । तिनीहरूमा अपार जिज्ञासा औ उत्सुकता क्रीडा गरिरहेका थिए ।

“तब ... भान्साका निम्ति के के ल्याऊँ ?” प्रश्न एकान्तजन्य सङ्कोचको मध्यम स्वरमा थियो । यात्रीले भन्यो- “असल पुरानो मसिनो चामल एक माना, एक चौथाइ दाल, दुई पैसाको यहाँ पाइने तरकारी र दुई आनाको घिउ, बस यति मात्रै भए पुग्छ ।”

कुरा सुनेर त्यो माथि उक्ली र अलि बेरैमै भने जति जम्मै थोक ल्याइदी । भरियाले पनि भाँडा र पानी पल्लो कोठामा राखी गइसकेको थियो । त्यस कोठामा लिपपोत गरेको चुलो र ठाउँ दुवै सफा थिए ।

चामल हेर्दै यात्रीले भन्यो- “खोइ, यो त राम्रो चामल भएन ।” तर यसभन्दा राम्रो चामल त यहाँ कतै पनि पाइन्न । भएदेखि त म आफैं ल्याइहाल्ने थिएँ । तरकारी पनि आलुबाहेक अरू केही पाइँदै पाइन्न ।”

अलि हाँसेर यात्रीले भन्यो- “ए, त्यसो हो भने के लाग्छ, पाए जत्तिकैमा सन्तोष गर्नुपर्ला ।”

“अब म जाऊँ त ?” सानीले सोधी ।

“हुन्छ”, भन्दा भन्दै युवकलाई कुन्नि किन फेरि एकपल्ट त्यस सानीको अनुहारमा दृष्टि फेर्ने आवश्यकताको अनुभव भयो । दुवैका आँखा जुधेँ । बालिका लज्जावन्त भएर माथि उक्लन लागी । तर तुरुन्तै फर्केर त्यसले अलि साहसको स्वरमा स्वाभाविकता ल्याएर सोधी- तरकारी पकाउनलाई भुटुन र दाउरा चाहिन्यै छ । नुन, मसला र लालटिनमा मटितेल पनि ल्याउनुपर्छ कि ?”

“ए ... ... ! यो त बिर्सेकै रहेछु । तरकारी त घिउमै भुटिहालुँला, मसला चाहिन्न । एक पैसाको अलिकति बेसार र नुन दुवै ल्याऊ अनि तिम्रो के रे, चार पैसाको दाउरा, लालटिनमा चाहिँ छ पैसाको तेल भए पुग्छ ।

एकै छिनपछि सबै थोक ल्याई सानी माथि उक्ली । आफ्नी आमासँगै केही खानपिन गरेर पन्ध्रबिस मिनेटभित्रै आफ्नो सुत्नेकोठामा पसी भित्रबाट ढोका थुनिहाली ।

अहिले साँझको साढे सात मात्रै बजेको थियो तैपनि निकै अँध्यारो भएको थियो । सघन र विशाल पर्वतहरूको अङ्गमा भएका ती पुतली झैँ दुईचारओटा घर यस्तरी स्तब्ध उभिरहेका थिए मानौं शरीरभित्रबाट प्राणै निस्किसकेको छ । खोलाको "शृङ्खलाबद्ध गर्जन एकनाससित ध्वनित भइरहेको थियो तैपनि त्यस शून्यपनाको भयानकता बढिरहेकै थियो । ओछ्यानमा पल्टेकी कुन्नि के के सोचिरहेकी सानीले हठात् यात्रीको कोठाबाट आइरहेको खटपट ध्वनि सुनी । त्यो त्यही कुरा सोच्नमा मग्न भई, - "अहिलेसम्म त्यसले खानपिन गरिसकेको रहेनछ क्यारे । भात पकाउन जान्दो हो कि होइन, पकाइसकेको तिहुन तरकारी चुल्होबाट उतार्दा खसाल्यो पो होला कि ! लोग्ने मान्छे भात पकाउन कहाँ जान्दो हो र ! तर त्यो त सधैँ मधेसैमा बसिरहेको मान्छे हो । त्यहाँ कसले भात पकाई खुवाउँदो हो नि ! अथवा कोही भान्से राखेको होला । तर कैले हुन्थ्यो मधेसमा खर्च निकै पो लाग्दछ, यसो हेर्दाखेरि यो कुनै साहुमहाजन जस्तो पनि छैन । त्यसो भए यतातिर धमाधम आउनेहरूको जस्तो ठुला ठुला टिनका भरिभराउ भएका गह्रुङ्गा बाकसहरू हुनुपर्दथ्यो, छालाका तीनचारओटा साना ठुला ब्याग, भाँच्ने खाट, नोकर, धेरै जना भरिया, आफू तामदान वा कार्पेटमा बसेर आउनुपर्ने, खोइ त्यो त केही पनि छैन । यो त मधेसमा कतै जागिरे पो होला जस्तो छ । आफैँ नोकरी गर्नेले भान्से कहाँ राख्न सक्छ र !"

विचारधारा अर्कैतिर बग्यो- "त्यसो भए त्यसकी स्वास्नी होली ।" अनि मुटुमा प्याट्ट एउटा थपडी जस्तो लाग्यो । च्याप्प गरे झैँ त्यो आफ्नो अन्तरैमा निस्तब्ध भई । बाहिर त्यही अविराम स्वरले गर्जिरहेको थियो खोलाको हर्रर ध्वनि । जम्मा भइरहेका विचारहरू अलि विशृङ्खल जस्ता भए । त्यसले एउटा लामो सास फेरी तर त्यो अवस्था एकछिन पख्तानपख्ता लोभ्याइराखेका ती मधुर कल्पनाहरूले फेरि छोप्न थाले । सास पर्यन्त अलि थामेर त्यसले सुत्ने प्रयत्न गरी- "यात्री भातसात खाई सुत्यो कि !" तलबाट केही आवाज सुनिएन । "त्यसो भए त्यो सुत्यो ।" तर फेरि त्यही खटपट । "मुसाहरू होलान्, होइनन्, त्यही हो बिचरा अझ ... " तर अघि नै तर्सिसकेका ती मूक सहानुभूतिहरूलाई विचारहरूले समात्न साहस गरेनन् । एकै छिनपछि ओछ्यानबाट जुरुक्क उठेर सलाई कोरी र सिरानतिरको खोपामा राखेको टुकी बाली । धुम्रयुक्त क्षीण प्रकाशले अन्धकारमा छाम्न थाल्यो । टुकी लिएर बिस्तारै त्यो तल ओर्ली । त्यसको छाती हान्न लागेको थियो- "बुढी सुतिरहेकी छ कि ?" एउटा अव्यक्त र क्षीण डरले अन्तरको धेरै टाढाबाट चियाउने जस्तो प्रयत्न पनि गऱ्यो । त्यो तल पुगी । "तर ... किन ओर्लेकी हुँली ! केही काम छैन ।" यात्रीको कोठामा लालटिनको नीरव र मन्द प्रकाश थियो । त्यसतर्फ यसो झट्ट एकपल्ट हेरी, आँखा फर्के । त्यो आफ्नो सेतो ओछ्यानमा सुतिरहेको थियो- निश्चिन्त, निरुद्विग्न, निर्विकार !

प्राणपर्यन्तलाई तीव्रताका साथ तानिलिने एउटा भयानक लोभ त्यसको भित्र मुटुको हनाइको साथै हान्न लाग्यो र कुनै अव्यक्त उल्लास, साहस, डर र पीडाको भन्न नसकिने मिश्रण त्यसको नसा नसामा दगुर्न थाल्यो, प्रवाहित भयो । त्यही हलचल, त्यही प्रवाह लिएर त्यो माथि पुगी । आफ्नो मैलो ओछ्यानमा लडी ।

यात्री चाहिने बिहानै उठेर गइहाल्यो । सानीको आँखामा आइसकेका र छचल्किरहेका मूक मोह र कुन्नि कस्ता अव्यक्त आकाङ्क्षाहरू त्यसलाई निकै टाढासम्म पहाडको टुप्पामा पुऱ्याई फर्के । कुन्नि केले हो, त्यसको मन भारी हुँदै आयो । हृदयमा आर्द्र भावनाहरूमा गह्रुङ्गो प्रवाह बग्न थाल्यो र त्यसको भित्र मनमा लगातार एउटा प्रश्न उम्लन थाल्यो- "त्यो फेरि फर्कला ?"

तर सानीको त्यस प्रश्नको समाधान भएन । त्यो यात्री फर्केन । केही दिनपछि सानीको बिहा पनि भयो । त्यो आफ्नो घरमा गई । घर गृहस्थीको कर्तव्य र लोग्नेको प्रेम, माया, ममता इत्यादि पनि साधारण नियमजस्तै समातिन थाले । उनीहरूका कार्यमा सानीबाट केही अस्वाभाविकता पनि परेन । तर सानीको गाउँले संस्कृति भएको सुदूर अन्तरको एउटा मनले भगवान्को वरदान जस्तो समातेको त्यो प्रश्न- "त्यो फेरि फर्कला !" ले दिनमा दुई चार पटक अवश्यै चियाउने प्रयत्न गरिहाल्थ्यो । लोग्नेको घरमा रहेका बखत कहिलेकाहीँ एउटा शङ्काले भयानक अन्तर सङ्ग्राम मच्चाइदिन्थ्यो, "म यहाँ छु, यात्री फर्केर गइहालेको भए ... ?" तर यस प्रश्नको विश्लेषण गर्ने साहस त्यस बखतसम्म त्यसमा रहनै जान्नथ्यो । कस्तो गह्रुङ्गो, कस्तो भयानक, कस्तो पीडाप्रद शङ्का हो ! बरु यात्री कहिल्यै पनि नफर्कोस्, त्यसको पथ हेर्दा हेर्दै यस जीवनको पनि अन्त भइजाओस् तर सानीलाई नभेटी त्यो त्यसै गइहाल्ला भन्ने विधिविधानको स्वागत गर्ने शक्ति त्यसमा थिएन । त्यो तृष्णा, त्यो अनन्तकालीन प्रतीक्षा, त्यो दिनहुँको अभ्यस्त निराशाको धक्का त्यसको सासमा मिसिइसकेको थियो । त्यही त्यसको जीवन थियो, त्यही त्यसको जीवनक्रम । त्यसैलाई समातेर त्यो आफ्नो जीवन गृहस्थीको गृहिणी थिई, आफ्नी सासूकी बुहारी र पोइकी जोई । तर कदाचित् कुनै हठात् अभिशापले त्यहीँ छिन्नभिन्न गरिदिएको अवस्थामा पनि त्यो सानी चाहिने गृहिणी, बुहारी र लोग्नेकी स्वास्नी भइरहन सक्ली ? कुन हृदयबाट यस्तो आशा गर्ने ?

यति भए पनि सानीबाट लोग्नेका प्रति पत्नीत्वमा केही बाधा व्याघात परेको थिएन र त्यस पत्नीत्वमा कुनै छल थियो, कतैबाट त्यसमा छिद्र थियो, यो कुरा भन्नेलाई भयानक श्राप दिने शक्ति पनि त्यस सानीमा अवश्य थियो । नारीको विशाल हृदयमा बालकप्रति, आमाबुबा प्रति, माइतका साथीभाइको प्रति, पतिगृहमा सासू, ससुरा, जेठाजु, देवर, भतिजा आदि सबैको प्रति ममता रहन सक्छ भने सानीको हृदयमा त्यस यात्री प्रति पनि कुनै प्रतिध्वनि थियो । नारी चाहिँ पतिकी स्वास्नी हो । यो कुरा प्रदीप्त सूर्य झैँ सत्य छ तर पत्नीत्वको हदसम्म मात्रै । किन्तु नारी

एक मात्र पत्नी नै त होइन । त्यो पत्नीभन्दा बाहेक पनि केही हो, बहिनी हो, बुहारी हो, दिदी हो, भाउजू हो, आमा हो र यी सबैभन्दा पर नारी मूर्तिमयी ममता हो । समस्त जगत्मा नारीकै महान् ममता छरिन नगएको भए यो विशाल विश्व शुष्क रुख झैँ निर्जीव काठ मात्र रहन जान्थ्यो !

जाने बखतमा यात्रीले पन्ध्र दिनमा फेरि फर्कनुपर्ला भन्ने कुरा गरेको थियो । त्यस पन्ध्र दिनको प्रतीक्षा सानीलाई अझसम्म पनि याद छ । छसात दिन एउटा भयानक उदासीनता, महान् शून्यतामा समाप्त भएको थियो । आठौँ दिनदेखि आजैका दिनमा त्यो फेरि फर्केला भन्ने आशाले अलि अलि चियाउने प्रयत्न गऱ्यो । सानीलाई सम्झना छ, त्यस दिन गाईलाई ख्वाउने घाँस काट्न जाँदा कुन्नि कुन भावना, कुन आशा, कुन उत्साहले त्यो पहाडको टुप्पासम्म पुगिछ । घाँसको भारी भुईँमा राखी एउटा ढुङ्गामा बसी आफ्नो अन्तरको सुखद कल्पनामा मग्न भइछ । आँखा एकाग्र भएर नेपालबाट आउने बाटो हेरिरहेका थिए । त्यतातिरबाट आउनेहरूलाई देख्दा त्यसको भित्री कल्पना एउटा उत्साह भरिन जान्थ्यो- अत्यन्त सुखद र प्राणप्रद "त्यस्तै आजैका दिन त्यो पनि संसारैको प्रसन्नता आफ्ना अङ्ग प्रत्यङ्गमा सञ्चित गरी आउला, आफ्नो पूर्वपरिचयको प्रसन्नता अलि अलि हाँसोमा छरिदेला र फेरि एक दिन त्यहीँ बास बस्ला । तर बास नबसेदेखि त ... ? छि : यस्तो दुष्कल्पना ! त्यसलाई कति पनि असुविधा र दुःख म कहाँ परेको थिएन । मैले जम्मै काम गरिदिएकी थिएँ । राम्ररी पकाई खाई सुतेको थियो । किन नबस्नु !" यस्तै प्रकारले नित्य नयाँ नयाँ कल्पनाहरू त्यसको आशालाई प्रदीप्त तुल्याउँदै दिनहरूलाई बिताउँदै गए । अन्ततः त्यो चिर अभीप्सित पन्ध्रौँ दिन पनि आयो । सानीलाई सम्झना छ, त्यस दिन बिहान हुनुभन्दा तीन घण्टा अगाडि राति नै त्यसको निद्रा खुलिहाल्यो । ढोका खोलेर एकपल्ट बाहिरतिर हेर्दा रात धेरै बाँकी थियो । जून टहटह लागिरहेका र आकाश स्वच्छ थियो । खोलाको "हर्रर" ध्वनि उत्फुल्लताको स्वागत गान झैँ लाग्यो । भगवान्को बास गर्ने आकाश आफ्नो निर्मल जूनमा हाँसिरहेको जस्तो प्रतीत भयो । दुईतीन घण्टामै प्रदीप्त सूर्य निस्कने छन्, पहाडका टुप्पामा तिनका सुनौला किरणहरू फैलिन जान्छन् । यही दिन त्यसको आउने शुभोत्सव हुन्छ । त्यो आउला, भोलि नै त्यो आउला, बिहान हुनेबित्तिकै त्यो हिँड्छ र सुखको भण्डार झैँ भएर सानीलाई भेट्टाउला !" धेरैबेरसम्म त्यो त्यसै विचारमा मग्न, सुखकल्पना विभोर भएर बसिरही अनि एउटा आत्तिए जस्तो लामो सास फेरी आफ्नो कोठामा गएर ओछ्यानमा ओल्टेकोल्टे गर्न थाली । त्यसपछि बिहान पनि भयो, सूर्य पनि उदायो, सानीले उद्विग्न प्रतीक्षा पनि गरी, साँझ भयो, रात पनि पऱ्यो, तर ... तर ... पन्ध्र दिनको अत्यन्त उद्विग्न प्रतीक्षाको परिणामस्वरूप सानीले पाई- "त्यो आएन ।" आँखामा आँसु, हृदयमा वेदना, प्राणमा अन्धकार, कण्ठमा भक्कानु र रोम रोमपर्यन्तमा आद्र रुदन भरेर त्यस यात्रीको सट्टामा सानीले यही चार अक्षरको स्वागत गरी आफ्नो मुटुमा बसाली- "त्यो आएन !"

कठैबरी, नारीको निर्बल हृदय ! तँमा उत्सर्गको परिमाण कति छ ? उत्सर्ग गर्नलाई तैँले कति रस, कति माया, कति बन्धन र कुन्नि के के सञ्चित गरिराखेकी छेस् ?

त्यस्ता कैयौँ पन्ध्र दिन बिते । जीवनमा र जीवनक्रममा आद्यन्त झैँ भिन्नता आइलाग्यो फेरि "त्यो आएन" को साथै "त्यो फेरि फर्कला कि ... ... ?" भन्ने पनि सम्बद्ध भई अभ्यन्तर यात्रा गर्न थाल्यो । यस यात्राको विराम कहाँ छ, लक्ष्य कहाँ छ र अन्त कहाँ छ, जीवनको शेषमा कि त्यसभन्दा पनि पारि, कुन्नि ?

क्रमशः अग्लो हुँदै गएको कष्टप्रद, कठोर, दुर्गम पहाडको क्षीण पथलाई आँखाले भेटेसम्म हेर्दा मान्छे पो हो कि भन्ने भ्रम पार्ने एउटा धब्बा जस्तो पनि केही देखिएन ।

हुँदाहुँदा युगैको परिवर्तन भयो । सानीकी आमा पनि अनन्तसँग भेट्न गइहाली जहाँ गएर कोही पनि फर्कन्न । सानीले आफ्नो माइतकै घरमा त्यही पुरानो व्यवसाय थामी बसी । त्यो लोग्नेकै घरमा भएका बखत "यात्री गइहालेछ कि ?" भन्ने सानीको साह्रै सम्भावनीय शङ्काको टुङ्गो लाग्यो । त्यसपछि नेपालबाट लाखौँ यात्रीहरू त्यही मार्खुको बाटो भई तल मधेसतिर ओर्ले तर "त्यो यात्री" कहिल्यै त फर्कला ! त्यसको निराश आशालाई डोऱ्याउने एउटा क्षीण, मसिनो धागोको छेउ प्राप्त हुन गयो र त्यसलाई त्यसले लम्याउँदै गई तर ... ! कति सुकुमार, कस्तो सुन्दर, कस्तो लोभ्याउने र कति लामो हुन्छ यो निराश आशाको मसिनो धागो ! त्यस धागाको बदला कसैले त्यसको जीवन, यौवन दुवैको धागो चाँडचाँडै तान्दै तान्दै गइरहेको थियो, तर सानीलाई यसको पत्ता थियो ? त्यो त आफ्नो अतीतको मनोरम स्मृति केवल एक दिन मात्रको क्षणिक स्वप्नमा व्याप्त थिई । त्यो स्वप्निल सुकुमारता, त्यो मधुरिमा, प्रथम यौवनको पहिलो उपहारमा कृतज्ञता स्वरूप त्यसले गरेको उत्सर्गको सार्थकता कहिले फेरि पनि आउला !" यही विधिलाई नित्य निरन्तर नयाँ तुल्याउँदै तह लाइराख्नमा नै त्यो व्यस्त थिई । त्यसलाई जीवनसूत्र तानेको थाहै कसरी हुन्थ्यो र ... ... ? प्रेम जीवनको बाटो हो र उत्सर्ग त्यसको अन्तिम लक्ष्य; त्यस लक्ष्यसम्म पुगेपछि पाइन्छ आफ्नो अस्तित्वको विलुप्ति ।

एक दिन साँझको बखत सानी आफ्नो पसल उठाइसकेपछि द्वारमा अन्यमनस्क भई उभिरहेकी थिई । यस्तै उभिरहेको अवस्थामा, यस्तै शान्त क्लान्त सन्ध्याको धमिलोपनामा, अनुरागको प्रतीक झैँ आएको थियो "त्यो यात्री ।" तर आजै मात्र होइन कि जीवनका अनेकौँ भग्न आकाङ्क्षा, सुस्याइरहेको आशा, मुटुको उदासीन पीडा लिई त्यसले कति कति पल्ट त्यसै द्वारमा उभिई आशाहीन व्यर्थ प्रतीक्षा गरी तर त्यो नआएको नआएकै भयो । यस्ता जम्मै मिथ्या स्वागतको उत्तरमा त्यसले पाएकी थिई- प्राणको तलबाट उम्लने एउटा नीरव आद्रता र गहभरि आँसु । आज पनि त्यो त्यसै उभिरही यात्रीको होइन कि त्यसको चिर परिचित त्यही आर्द्रता, त्यही आर्त,

मूक रुदन र त्यही आँसुको प्रतीक्षा गरिरहेकी थिई र एउटा यौवनपारि पुगिसकेको मानवदेहले त्यसको सामुन्ने आइपुगी सोध्यो- "यहाँ बास पाइन्छ ?"

हृदयमा बगिरहेको रक्त थामिन गए जस्तो हुन लाग्यो । एउटा बज्रप्रहार झैँ अतीतको मुड्की हानिन गयो "धक्क" । आउनेको मुख हेरेको हेरकै भइछ "त्यो सानी ।"

"यहाँ बास पाइन्छ कि पाइँदैन ?" फेरि प्रश्न भयो । सानीको मुख एकपल्ट झन् प्रदीप्त भएर तत्क्षणै कालो निर्जीव झैँ भइहाल्यो । त्यसले अन्तरिक्षतिर हेर्दै अत्यन्त कष्टसाथ भनी ... "पाइन्छ, भरियाहरू कता छन् ?"

"आउन लागेका छन् ।" - यात्रीले एउटा ढुङ्गामा बसेर भन्यो- "धेरै दिन भइसक्यो मधेसबाट नेपाल गएको, फर्कनै सकिनँ । आज बल्ल फर्कन लागेको छु, देख्छु, बाटो, पहाड जम्मै नयाँ जस्ता भइसकेका रहेछन् । नेपाल जान लागेको बखत पनि यसै घरमा बास बसेको थिएँ, आज पनि त्यो घर भएदेखि यसैमा बसुँला भन्ने विचार गरी घरबाट हिँडेको, बल्ल आइपुगेँ । खोइ त्यो बुढी ? सानी चाहिने त तिमी नै हौ कि ... ... ?"

बज्रादपि कठोर प्रलय गर्जनभन्दा पनि तीव्र कोलाहलमय त्यस आउनेको उपर्युक्त कुरा सानीको अन्तरमा उत्रिन गयो । त्यो त्रस्त भइहाली । यतिका दिनको दीर्घ प्रतीक्षा, यस्तो रौँ रौँलाई कल्पाइ राख्ने नैराश्यको रुदनको अन्तरलाई यस्तरी सजिलोपनामा स्वागत गर्न त्यो तयार थिइन । उफ् मानव ! सानीको यस्तो जीवनव्यापी समस्त आकाङ्क्षा, आशा, पीडा, रुदन, नैराश्य, तृष्णा, कल्पना, सुख, दुःख र समस्त आह्वानको प्रतीक जम्मै तिमी नै हौ, यो तिमीलाई थाहापर्यन्त पनि छैन । तिम्रो यो सजिलो प्रश्नमा तिम्रो यो अप्रत्याशित आगमनमा, यो जीवनव्यापी कथा समष्टिमा एउटा नारी हृदयको के के कति कति चूर्ण विचूर्ण भइसकेको छ, तिमी किन, कसरी अनुमान गर्न सक्तछौ !

सुदूर क्षितिजबाट आएको ध्वनि झैँ सानीको मुखबाट निस्क्यो- "अँ, सानी मै हुँ ।"

"हो, मैले चिनिसकेकै थिएँ । तर तिमी ... तिमी त बुढी भइसकिछौ !" आउनेले मुसुमुसु हाँस्तै भन्यो ।

बल्ल सानीका आँखा उघ्रे । त्यसलाई आफ्नो अङ्गप्रत्यङ्ग कसो खुम्चिन लागेको छाला देखेर बितेको दीर्घ समयको सम्झना भयो र झन् प्रत्यक्षमा त्यसले देखी, यात्राको तीन चौथाइ पूरा भएपछि त्यसले पाइछ - आशा समाप्तिको साथसाथै जीवनसन्ध्या पनि आइपुगेको रहेछ । दुनियाँ अर्कै भएको रहेछ, यस वर्तमानसँग त्यस सानीमा कुनै प्रकारको सामञ्जस्य रहेनछ ! आशाले अझसम्म बुद्धिलाई धोखा दिइरहेको थियो, सानी शिथिल, क्लान्त झैँ हुन गई । उभिइरहनमा शरीर साह्रै नै गलेको जस्तो भान हुन लाग्यो र त्यसै द्वारमा थचक्क बसी ।

बिहान हुनेबित्तिकै- त्यहीँ अतीतकै जस्तो यात्री फेरि हिँडिहाल्यो । त्यसै दिनदेखि त्यसको जीवनको उद्देश्यै हरायो । त्यसले अझसम्म आफ्नो अन्तरमा समाती, आफ्नो आशामा झुन्ड्याइराखेका त्यसका उमङ्ग, उत्साह र यौवनपर्यन्तलाई यात्रीको त्यही एउटै वाक्यले खाइदियो- "तर तिमी त बुढी भइसकिछौ !" त्यसपछि त्यो नारी, त्यो जीवनपर्यन्तको मूक आशा, त्यो आफैँमा निहित भइरहने गह्रुङ्गो वेदना, त्यो सानी आफ्नो दीर्घ प्रतीक्षामा आफैँमा समाप्त भइहाली । तर त्यति मात्रै होइन, आह ! प्राणभन्दा पनि बढ्ता माया गरी तह लाइराखेको त्यसको जीवनव्यापी परिचित, प्रिय त्यो प्रश्न पनि एउटा भयानक विषद्को अन्धकारमा विलुप्त हुन गयो- "त्यो फेरि फर्केला ?"

## शब्दभण्डार

१. **तल दिइएका शब्दहरूको विपरीत अर्थसँग जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| सुदूर | कृतघ्नता |
| कृतज्ञता | स्थिर |
| वेदना | अन्धकार |
| प्रदीप्त | सस्वर |
| अतीत | पर्यन्त |
| मूक | निकट |
| प्रवाह | भविष्य |
| | खुसी |

२. **गाढा शब्दको अर्थ पहिचान गरी चिनो लगाउनुहोस् :**

(क) खोलाले **अविराम** गीत गाइरहेकै थियो ।

(अ) आवाजविहीन (आ) निरन्तर (इ) रोकिई रोकिई (ई) ठुलो स्वरले

(ख) स्वरलाई अलि तान्दै, आश्चर्य र **उपेक्षा** मिश्रित स्वरमा उत्तर दिई ।

(अ) इच्छा (आ) चाहना (इ) बेवास्ता (ई) आग्रह

(ग) प्रश्न एकान्तजन्य **सङ्कोच**को मध्यम स्वरमा थियो ।

(अ) असजिलोपन (आ) सहज अवस्था (इ) धेरै सजिलोसँग (ई) शङ्का

(घ) एक दिन साँझको बखत सानी आफ्नो पसल उठाइसकेपछि द्वारमा **अन्यमनस्क** भई उभिरहेकी थिई ।

(अ) मन ठेगानमा नभएको अवस्था (आ) अन्ततिर ध्यान नगएको अवस्था

(इ) मन खुसी रहेका अवस्था (ई) अन्ततिर नसोचेको अवस्था

(ङ) त्यो **अभीसिप्त** पन्ध्रौं दिन पनि आयो ।

(अ) अड्किएको (आ) अनुभव भएको (इ) नजिक रहेको

(ई) ज्यादै प्रतीक्षा गरिएको

(च) त्यो आफ्नो अन्तरैमा **निस्तब्ध** भई ।

(अ) उत्सुक (आ) सुनसान (इ) आन्दोलित (ई) प्रफुल्ल

३. **दिइएका अर्थहरूको पर्यायवाची शब्द पाठबाट खोजी लेख्नुहोस् :**

(क) असजिलोपन

(ख) सुक्खा

(ग)) लजालु

(घ) रुवाइ

(ङ) पर्खाइ

(च) धुलोपिठो

(छ) व्यक्त नभएको

(ज) वज्रभन्दा पनि

४. **पाठमा रहेको "जाने बखतमा ....त्यो आएन !" कथांश पढी दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) 'ता' प्रत्यय लागेका चारओटा शब्द खोज्नुहोस् ।

(ख) चारओटा उपसर्ग व्युत्पन्न शब्द पहिचान गरी लेख्नुहोस् ।

(ग) यस अनुच्छेदमा प्रयुक्त दशओटा तत्सम शब्दहरूको सूची बनाउनुहोस् ।

५. **शब्दकोशको सहायता लिई दिइएका शब्दको अर्थ लेख्नुहोस् र वाक्यमा प्रयोग गर्नुहोस् :**

पर्यन्त, निस्तब्ध, उद्विग्न, उल्लास, क्लान्त, शिथिल, मधुरिमा, विषद्, सामञ्जस्य, उत्सर्ग, अभ्यन्तर, विलुप्त

## बोध र अभिव्यक्ति

१. **'त्यो फेरि फर्कला ?' कथा पढी दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) कथा कति अनुच्छेदमा संरचित छ ?

(ख) कथाको सबैभन्दा लामो अनुच्छेद कुन हो ?

(ग) कथाको कुन अनुच्छेदमा पुग्दा सानी र यात्रीको भेट भएको छ ?

(घ) संवादको प्रयोग नभएका अनुच्छेदहरू पाठमा कतिओटा छन् ?

२. **'त्यो फेरि फर्कला ?' कथा पढी दिइएका घटनाक्रम मिलाई लेख्नुहोस् :**

(क) यात्री सुतेपछि सानी यात्रीका कल्पनामा डुबुल्की मार्नु

(ख) एक दिन साँझको समयमा एउटा यात्री आएर यहाँ बास पाइन्छ भनेर सानीलाई सोध्नु

(ग) समयक्रममा सानीको विवाह हुनु र गृहस्थीका सम्पूर्ण कुरा सानीले स्वाभाविक रूपमा पूरा गर्नु

(घ) यात्री बिदा भएर गएपछि प्रत्येक दिन यात्रीलाई सम्झनु

(ङ) पन्ध्रौँ दिनसम्म उत्साहपूर्वक रूपमा सानी बस्नु तर यात्री नफर्कनु

(च) आमाले बास बस्न अनुमति दिनु

(छ) सानीकी आमाको स्वर्गे भएपछि सानी त्यहीँ गएर आमाको पेसा अँगालेर बस्नु

(ज) एक दिन अचानक त्यही यात्री आएर बास माग्नु

(झ) आमाको स्वीकृति र यात्री बास बस्ने निश्चित भएपछि सानी खुसी हुनु

(ञ) सानीले प्राणपर्यन्तसम्म पर्खेको यात्रीले कुराकानीका क्रममा तिमी त बुढी भइसकिछ्यौ भन्नु

(ट) सानीको दीर्घ प्रतीक्षा समाप्त हुनु

(ठ) यात्रीको बासका लागि सानी सक्रिय भएर लाग्नु र भित्रभित्रै यात्रीप्रति आकर्षित हुनु

(ड) आफूले मात्र यात्रीको प्रतीक्षा गरेको तर यात्रीले त्यस्तो कुनै आग्रह, अनुराग नभएको थाहा पाउनु

(ढ) बिहान हुनेबित्तिकै पहिले झैँ यात्री हिँड्नु

(ण) अनायास सानी यात्री सुतेको ठाउँमा पुग्नु र यात्री निश्चिन्त सुतिरहेको हुनु

३. **"विचारधारा अर्कैतिर....ओछ्यानमा लडी ।" कथांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) सानी के कारणले निस्तब्ध भई ?

(ख) यात्री सुतेको देखेपछि सानीलाई कस्तो लाग्यो ?

(ग) टुकी बालेपछि सानीलाई किन डर लाग्यो ?

(घ) सानीको मनोदशा कसरी परिवर्तन भएको छ ?

४. **दिइएका कथांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) त्यो तृष्णा, त्यो अनन्तकालीन प्रतीक्षा, त्यो दिनहुँको अभ्यस्त निराशाको धक्का त्यसको सासमा मिसिइसकेको थियो । त्यही त्यसको जीवन थियो, त्यही त्यसको जीवनक्रम । त्यसैलाई समातेर त्यो आफ्नो जीवन गृहस्थीको गृहिणी थिई, आफ्नी सासूकी बुहारी र पोइकी जोई । तर कदाचित् कुनै हठात् अभिशापले त्यहीँ छिन्नभिन्न गरिदिएको अवस्थामा पनि त्यो सानी चाहिने गृहिणी, बुहारी र लोग्नेकी स्वास्नी भइरहन सक्ली ? कुन हृदयबाट यस्तो आशा गर्ने ?

**प्रश्नहरू**

(अ) सानीको प्रतीक्षाले उसको कस्तो मनस्थितिलाई देखाएको छ ?

(आ) सानीको जीवनमा के कस्ता उतारचढावहरू देखिन्छन् ?

(ख) बल्ल सानीका आँखा उघ्रे । त्यसलाई आफ्नो अङ्गप्रत्यङ्ग कसो खुम्चिन लागेको छाला देखेर बितेको दीर्घ समयको सम्झना भयो र झन् प्रत्यक्षमा त्यसले देखी, यात्राको तीन चौथाइ पूरा भएपछि त्यसले पाइछ - आशा समाप्तिको साथसाथै जीवन सन्ध्या पनि आइपुगेको रहेछ । दुनियाँ अर्कै भएको रहेछ, यस वर्तमानसँग त्यस सानीमा कुनै प्रकारको सामञ्जस्य रहेनछ ! आशाले अझसम्म बुद्धिलाई धोखा

दिइरहेको थियो, सानी शिथिल, क्लान्त झैँ हुन गई । उभिइरहनमा शरीर साह्रै नै गलेको जस्तो भान हुन लाग्यो र त्यसै द्वारमा थचक्क बसी ।

**प्रश्नहरू**

(अ) सानीको प्रतीक्षा कसरी समाप्त भयो ?

(आ) यस अनुच्छेदमा सानीको कस्तो मनोविज्ञान प्रस्तुत भएको छ ?

५. **व्याख्या गर्नुहोस् :**

(क) समस्त जगत्मा नारीकै महान् ममता छरिन नगएको भए यो विशाल विश्व शुष्क रुख झैँ निर्जीव काठ मात्र रहन जान्थ्यो !

(ख) प्रेम जीवनको बाटो हो र उत्सर्ग त्यसको अन्तिम लक्ष्य, त्यस लक्ष्यसम्म पुगेपछि पाइन्छ आफ्नो अस्तित्वको विलुप्ति ।

७. **उत्तर दिनुहोस् :**

(क) दिइएका सन्दर्भका आधारमा सानीको चरित्र चित्रण गर्नुहोस् :

(अ) कथागत भूमिका

(आ) पारिवारिक स्थिति

(इ) शारीरिक स्थिति

(ई) मानसिक स्थिति

(उ) आर्थिक स्थिति

(ख) 'त्यो फेरि फर्कला ?' कथाले कस्तो मनोविज्ञान प्रस्तुत गरेको छ ?

(ग) 'त्यो फेरि फर्कला ?' कथामा सामाजिक, आर्थिक र प्राकृतिक परिवेशको चित्रण कसरी गरिएको छ ?

(घ) 'त्यो फेरि फर्कला ?' कथाको शीर्षक सार्थकता पुष्टि गर्नुहोस् ।

८. **आफ्नो घरमा बास बस्न आइपुगेको यात्रीका लागि सानीले गरेको दीर्घ प्रतीक्षा तपाईंलाई कस्तो लाग्यो, कथात्मक सन्दर्भका आधारमा विश्लेषण गर्नुहोस् ।**

९. **दिइएका अनुच्छेद पढी कुनै चारओटा प्रश्न निर्माण गर्नुहोस् :**

वरपरको वातावरण बदलिइसकेको थियो । सलाम करिस्मालाई छाडेर नदीतिर झरिसकेको थियो पानी खान । पर्यटकहरू तितरबितर भइसकेका थिए । करिस्मा पनि चर्न थालेकी थिई । बुधन करिस्माको नजिक गयो र चरिरहेको करिस्मालाई बिस्तारै सुमसुम्यायो । कानका जरी र गाला मुसाऱ्यो र अँगालो माऱ्यो । करिस्माले पनि आफ्नो नाक दराली उसको टाउकामा । भरोस दिए जस्तै लाग्यो बुधनलाई करिस्माले ।

सौराहा चोकनेर आइपुग्दा अकस्मात आफ्नो सामुन्ने हातमा दुवाली लिएको हरियालाई उभिरहेको देख्यो । झन्डै सातोपुत्लो उडेको उसको । उसलाई लाग्यो, हरियालाई सब पत्ता चलिसकेको छ । सलमान र करिस्माको कुरा । त्यसैले त उसलाई गाली गर्न वा पैसा माग्न उभिएको छ यहाँ । "हेर बुधन, मलाई नसोधी मेरै सलमानसँग मिलाइलिस आफ्नो करिस्माको ?" यही भनेर उसको गर्धनमा भएको गाम्छा समात्ने छ अनि "पच्चिस सय निकाली लिन्छस् कि यही दुवालीले मारिलिइहालुँ रे तँलाई ?" यसै भन्ला भन्ने डरले निलो भयो बुधन ।

"हे रे बुधन, मेरो सलमानको..." यति मात्र बोलेको थियो हरिया, बोली टुङ्ग्याउनै दिएन बुधनले । अत्तालिँदै दाहिने हातले आङ्ग्याउनै दिएन बुधनले । अत्तालिँदै दाहिने हातले आफ्नो रुद्रघन्टी समाउँदै भन्यो, "राम कसम हरिया चाचा, मैले करिस्मालाई सलमानको सँग... ।" डराएर पूरा वाक्य बोल्नै सकेन बुधनले । हडबडाएर काँपेको स्वरमा बोलेको देखेर आश विपरीत उसको काँध थपथपाउँदै हरियाले भन्यो, "के भयो रे बुधन तँलाई ? किन यसरी डराइलिएको ? मलाई भूत देखिलिइस् कि के हो रे ? मैले त मेरो सलमानको देखिहालिस् कि भनेर सोधिलिन खोजेको थिएँ । त करिस्मासँगै ल्याइदिहालेको भए हुने भनिलिन खोजेको थिएँ । मैले अच्छा खासा सवारी भेटेको छु । खैर छोडिहाल् । त्यही खोलोकै छेउमे चर्न छोडिलिए थेँ । अब म गएर ल्याइहाल्छु रे । तँ जाँदै गर्..... ।" बोल्दै हिँडिसकेको थियो हरिया ।

हरिया र बुधन विपरीत दिशातिर लागे । बल्ल बुधनको सास आयो । "धत्तेरी... हरिया चाचाको त मालुम नै रहेनछ, बित्थामा म पनि यति धेरै डराइलिएँ । आफ्नै टाउकामा प्याट्ट पाऱ्यो बुधनले अनि करिस्मातिर हेर्दै भन्यो, पत्ता नचलोस् चाचालाई अहिले । बस् तँ एउटा राम्रो बछेडा दिइदिहाल । त्यसपछि त पच्चिस सय हैन तीन हजार नै दिदिन्छु रे ।" ढुक्क हुन खोज्यो बुधन ।

टाँगा लिएर घरसम्म पुग्दा उसले बाटोभरि केही र कसैलाई देखेन । रातो रातो चिल्लो चिल्लो राम्रो सानो करिस्मा जस्तै बछेडा उसको आँखाभरि दौडिरह्यो ।

(मन्दिरा मधुश्रीको 'बुधनको घोडी' (२०७३) कथा सङ्ग्रहबाट साभार)

१०. **दिइएको अनुच्छेद पढी अन्त्यमा सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

सामान्य रूपमा बुझ्दा मनको विज्ञानलाई मनोविज्ञान भनिए पनि आधुनिक मनोविज्ञानले मानिसको व्यवहारको अध्ययन गर्दछ । अनुहार हेरेर मनको कुरा थाहा पाउने मात्र होइन, व्यक्तिको व्यवहार र उसले गर्ने प्रतिक्रियाका आधारमा उसका बारेमा अवधारणा बनाउनु मनोविज्ञान हो । व्यक्ति वातावरणमा बस्दछ । व्यक्ति र वातावरणबिच सधैँ क्रियाप्रतिक्रिया चलिरहन्छ । व्यक्ति आफ्नो चाहनाको तृप्तिमा लागेको हुन्छ । उसको चाहनाअनुकूल वातावरण नहुन सक्छ । व्यक्ति भने जहिल्यै उसको चाहनाअनुसार वातावरणमा परिवर्तन ल्याउन खोज्छ । यस्तो वातावरण निर्माण गर्न व्यक्तिले देखाउने क्रिया व्यवहार हो । मनोविज्ञानले व्यक्तिले आफ्नो चाहनाअनुसारको वातावरण निर्माण गर्न के कस्ता प्रतिक्रिया जनाउँछ भन्ने कुराको अध्ययन गर्दछ । व्यक्तिको व्यवहारमा असर पर्ने वातावरण तीन किसिमका हुन्छन् । घर, खेत, पहाड, आवाज, गन्ध, जाडो, गर्मी, बाटोघाटो, हाटबजार आदि भौतिक वातावरण हुन् । परिवार, छिमेक, नीतिनियम, कानुन, पेसा, व्यवसाय, व्यक्ति व्यक्तिबिचको आपसी सम्बन्ध आदि सामाजिक वातावरण हुन् । व्यक्तिका आफ्नै कल्पना, भावना, चाहना, इच्छा, आकाङ्क्षा, कुण्ठा, संवेग आदि मानसिक वा आन्तरिक वातावरण हुन् । यी वातावरणले उत्तेजनाको काम गर्ने भएकाले मानिसले उसमा पर्ने प्रभावका आधारमा फरक फरक प्रतिक्रिया देखाउँछ । मनोविज्ञानले यी वातावरण र तज्जन्य परिस्थितिले उत्पन्न भएको मानिसको एकीकृत व्यवहारको सिलसिलाबद्ध रूपमा अध्ययन गर्दछ ।

**प्रश्नहरू**

(क) मनोविज्ञान के हो ?

(ख) व्यक्ति कस्तो वातावरण निर्माण गर्न खोज्छ ?

(ग) सामाजिक र भौतिक वातावरणले मनोविज्ञानमा कसरी प्रभाव पार्छ ?

(घ) 'संवेग' र 'तज्जन्य' शब्दको अर्थ लेख्नुहोस् ।

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ ६ सुन्नुहोस् र ठिक उत्तर पहिल्याउनुहोस् :**

(क) प्रस्तुत कथामा वर्णित घटना कुन समयमा घटेको हो ?

(अ) रातको एघार बजे (आ) रातको बाह्र बजे

(इ) रातको एक बजे (ई) रातको साढे बाह्र बजे

(ख) अप्रेसन खर्च कति लाग्ने रहेछ ?

(अ) पाँच लाख (आ) एक करोड

(इ) दश करोड (ई) दश लाख

(ग) एकाएक प्रकट भएका भगवान्ले के भने ?

(अ) ए ! मनुवा के सोच्दै छस् (आ) ए मनुवा ! तलाईं के चाहियो

(इ) ए मनुवा ! के माग्छस् माग् (ई) ए भाइ, म के मागूँ

(घ) म पात्रले के माग्यो ?

(अ) गाडी (आ) पैसा (इ) घर (ई) जीवन

(ङ) भगवान् के भनेर बिलाए ?

(अ) तथास्तु (आ) धन्यवाद (इ) तिम्रो इच्छा पूरा भयो (ई) नमस्कार

**२. सुनाइ पाठ ६ मा प्रयुक्त दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :**

| शब्द | अर्थ |
|---|---|
| (क) भ्रान्ति | अचानक |
| (ख) मनुवा | त्यस्तै होस् भनी आशीर्वाद दिइने शब्द |
| (ग) अप्रत्यासित | मानिस |
| (घ) तथास्तु | बोली बन्द रहेको स्थिति |
| (ङ) अवाक् | कुनै कुरो देख्दा वा सुन्दा त्यस्तै अर्को कुराको भान हुने अवस्था |

**३. सुनाइ पाठ ६ का आधारमा उत्तर दिनुहोस् :**

(क) म पात्र के सोचिरहेको थियो ?

(ख) म पात्रले आफैँलाई किन चिमोटेको हो ?

(ग) म पात्र हडबडाउनुको कारण के हो ?

(घ) भगवान्ले घडी हेर्दै के भने ?

(ङ) म पात्र किन चिच्यायो ?

(च) प्रस्तुत कथाको सार के हो ?

४. **मानिसहरू मनोवैज्ञानिक समस्यामा कसरी पर्छन्, छलफल गरी लेख्नुहोस् ।**

## भाषातत्त्व

१. **दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

अनि शान्तिको आकाङ्क्षामा गाँठो पर्दै आयो । हातको स्वेटर चपक्क समातिन् । भन्दछन् रोग लागेपछि औषधी गर्नुभन्दा रोगको बाटै छेक्नु जाती । त्यसो भए किन उनी गोपीनाथको आङमा पुग्नुअगावै स्वेटर नजलाइदिउन् । किनभने स्वेटर अहिले उनको कब्जामा छ । यस्तो सोच्दा शान्तिको मनमा सविताउपर अलिकति पनि सहानुभूति आएन भन्न सकिन्न । त्यसैले त उनको ईर्ष्याले तत्काल अर्को रूप धारण गऱ्यो र शान्ति बिस्तारै बिस्तारै स्वेटर उधार्न थालिन् । केही क्षणपछि नै उनको यो क्रिया यसरी बढ्दै गयो कि मानौं कुनै मेसिनको तेज पुर्जाले स्वेटर उधारिरहेछ । उध्रेको ऊन एकातिर फराकिलिँदै गइरहेछ । अकार्यको यस दौडमा शान्तिको हातले एक बाजि सविताको पिठ्युँमा धक्का लाग्न पुग्यो । सविता ब्युँझी । एकतमासको अनुहार लगाएर दिदीलाई हेरी । डरले काँपेको सानो आवाजमा उसले सोधी– "के भने दिदी, किन उधार्नुभा' यो... ?"

('भिनाजुको स्वेटर' बाट साभार गरिएको)

(क) माथिको अनुच्छेदबाट ह्रस्व र दीर्घ प्रयोग भएका शब्दको अलग अलग सूची बनाउनुहोस् ।

(ख) माथिको अनुच्छेदबाट श, ष, स प्रयोग भएका शब्दको सूची बनाउनुहोस् ।

(ग) माथिको अनुच्छेदबाट ब, व, छ र क्ष प्रयोग भएका शब्दको सूची बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. **वर्णविन्यास ख्याल गरी कथाको अन्तिम अनुच्छेद सार्नुहोस् ।**

३. **दिइएका शब्दहरू शुद्ध पारी सार्नुहोस् :**

तापनी, प्रतिक्षा, सम्मूख, भरीया, सुकूल, क्रिडा, चौथाइ, श्रृंखलाबद्ध, सुदुर, निर्जिव, अभिसिप्त, उद्धिग्न, अतित, नैराष्य, समष्टी, निरव, कस्टप्रद, निष्तब्ध, अबिराम, बिश्वास, विहा, चन्चल सामान्जस्य, अंग, चुर्न, एस्तै, ह्रिदय, छीण, प्रत्यछ्य, जिग्याँसा, सम्स्कृति, भन्डार, दुश्कल्पना, उत्शाह, ग्रिहिणी, अनन्तकालिन, वज्रपर्हार, अभ्भेन्तर

४. **दिइएका शब्दहरू कुन कुन शुद्ध र कुन कुन अशुद्ध छन्, पहिचान गर्नुहोस् :**

जेठाजू, भाउजू, पुर्बेली, बर्षेनी, तनहुँ, उर्दु, हात्ति, कति, कोशी, जुलुश, चरिनङ्ग्रे, विभुति, शिरीष, क्लिष्ट, आशिर्बाद, राष्ट्रिय, केन्द्रिय, प्रशंशा, माथी, वाकस, इन्साफ, इन्द्रेणी, किर्तिपुर, सङ्घ, बिकास, वाधा, सम्बन्ध, वेरुजु, छ्यमा, क्षत्रिय, एसरी, कर्तब्बे, एस, रिण, पृय, कृत्रिम, सन्देश, शुभ, सहीद, लान्छना, बृहत, सभासद

५. **वर्णविन्यास मिलाई पुनर्लेखन गर्नुहोस् :**

(अ) वायुमन्डलको संरचनामा भुमिका निर्बाह गर्ने ग्यासहरूको अनुपातमा फेरबडलले र मूलतः कार्बनडाइअक्साइडको मात्र बड्नाले प्रिथ्वीको तापकर्म बढ्न थालेको छ ।

(आ) त्यो तृस्णा, त्यो अनन्तकालिन पर्तीक्षा, त्यो दिनहुको अभ्भेस्त निरासाको धक्का त्यस्को शासमा मिसिइसकेको थियो ।

(इ) एस्तै प्रकारले नित्य नयाँ नयाँ कल्पनाहरूत्यसको आषालाई प्रदिप्त तुल्याउदै दिबसहरूलाई बिताउँदै गए । अन्तत त्यो चीर अभिसिप्त पन्ध्रौँ दीन पनि आयो ।

६. **पदयोग र पदवियोग मिलाई पुनर्लेखन गर्नुहोस् :**

(अ) भरिया ले डोकाबाट भाँडा हरू झिकिसकेकोथियो । सानीलेमाथि बाट तुरुन्तै एउटा सानोपित्ले गाग्री ल्याइ दिई । त्यो समेत लिएर भरिया खोला तिरगयो ।

(आ) हुनसक्छ - यतैकतै हलोजोति रहेको होला अथवा घाँस खुर्किरहेकोहोला । न भन्दै सिमल को आड बाट परिछन टुप्लुक्कदेखा पऱ्यो, जोत्दा जोत्दैको हल गोरु अड्याएर ऊ हस्याङ फस्याङ गर्दैमतिर लम्कँदैथियो ।

(इ) यात्रीचाहिने बिहानै उठेर गइ हाल्यो । सानीको आँखामा आइ सकेका र छचल्किरहेका मूक मोह र कुन्निकस्ता अव्यक्तआकांक्षाहरू त्यसलाई निकै टाढा सम्म पहाडको टुप्पामा पुऱ्याई फर्के । कुन्नि के ले हो, त्यसको मनभारी हुँदैआयो, हृदयमा आर्द्र भावनाहरूमा गह्रुङ्गो प्रवाह बग्न थाल्योर त्यसकोभित्र मनमा लगातार एउटा प्रश्न उम्लन थाल्यो- “त्यो फेरि फर्कला ?”

## सिर्जना/परियोजना

१. **पुस्तकालयमा गई कुनै एउटा मनोवैज्ञानिक कथा खोजेर पढ्नुहोस् । उक्त कथाको मुख्य पात्रको मनोदशा के कस्तो रहेछ ? के कारणले त्यस पात्रको मनोदशा त्यस्तो बनेको होला, कक्षामा सुनाउनुहोस्**

२. **दिइएका बुँदाका आधारमा एउटा कथा तयार गर्नुहोस् :**

(क) सधैँ सामान्य पसलमा जाने गरेको कुनै पात्र आफूलाई चाहिएको सामान किन्न सुपर मार्केटभित्र छिर्नु ।

(ख) त्यहाँ सामानहरूलाई मनमोहक ढङ्गले सजाएको देख्नु

(ग) जति घुम्दै गयो उसलाई उति धेरै सामान किन्न मन लाग्नु

(घ) आफ्नो खल्ती विचार गर्नु

(ङ) एउटा सामान किन्न गएको भए पनि अनेक सामान किन्नु

(च) पैसा सिद्धिएपछि पनि अनेक अनेक थरीका सामान किन्न मन लागिरहनु

(छ) उसको मनमा पैसा नै सबैथोक रहेछ भन्ने पर्नु

(ज) त्यसपछिका दिनमा उसलाई सामान्य खालका दोकानमा सामान किन्दा लाज हुनु, कसैले नदेखे हुन्थ्यो भन्ने लाग्नु

(झ) ठुल्ठुला पसलमा किन्न जाँदा गौरवबोध हुनु, किनमेल गरेको बेलामा कसैले देखे हुन्थ्यो जस्तो लाग्नु

(ञ) उसको जीवनको आवश्यकता बजारले निर्धारण गर्न थाल्नु

३. **आफ्नो जीवनमा आइपर्ने विभिन्न घटनाले प्रत्येक मानिसलाई कुनै न कुनै मनोवैज्ञानिक समस्यामा पार्छ । यस्तो बेला कोही कुनै कुरामा ध्यानपूर्वक काम नै गर्न नसक्ने हुन्छन् । कोही आक्रामक र रिसाहा बन्छन् । कोही चिन्तामा पर्छन् । कोही अति खुसीले चिच्याउँछन् वा अति दुःखी हुन्छन् । तपाईंका जीवनमा आइपरेका यस्ता परिस्थितिका आधारमा तपाईंका मनमा खेलेका तर्कनालाई समेत समेटी एउटा छोटो कथा तयार गर्नुहोस् ।**

## सुनाइ पाठ ६

### तथास्तु

*– अशेष मल्ल*

रातको बाह्र बजेको थियो । कोठामा म थिएँ । स्वास्नी थिई बिरामी र सोचिरहेको थिएँ, अप्रेसनका लागि जुटाउनुपर्ने पाँच लाख रुपियाँ कहाँबाट ल्याउने ?

एकाएक प्रकट भए भगवान् कोठामा । झस्किएँ । के भयो ! के यो सत्य त हो ! चिमोटेँ आफैँलाई । रहेनछ यो कुनै सपना वा भ्रान्ति ।

मुस्कुराउँदै भने भगवान्ले- 'ए मनुवा ! के माग्छस् माग् ।'

यो अप्रत्यासित क्षण । म के मागूँ ?

'छिटो माग् ।' भने भगवान्ले ।

हड्बडिएँ सायद । के माग्ने ? बिल्डिङ, गाडी, पैसा ? सोचेँ माग्छु पैसा । चाहिएको छ अप्रेसनका लागि खुसी जीवनका लागि । तर कति माग्ने ? दश लाख, पचास लाख, एक करोड, दश करोड ?

'छिटो माग् । समय सकिन लाग्यो ।' भगवान्ले घडी हेर्दै भने ।

'एकै सासमा भनेँ- दश करोड रुपियाँ दिनुस् प्रभु !'

'तथास्तु !' भगवान् बिलाए । एकाएक थुप्रिए करोडका नोटहरू । खुसीले उफ्रिएँ र उठाउन खोजेँ स्वास्नी चिसो भइसकेकी थिई । नाडी छामेँ । थिएन नाडी । थियो स्वास्नीको लास एकातिर । अर्कोतिर नोटका बिटाहरू थिए अनि थिएँ म बिचमा अवाक् ।

चिच्याएँ- 'प्रभु । मलाई स्वास्नीको जीवन दिनुस् ।' तर थिएनन् भगवान् त्यहाँ । थियो शून्यता । केवल शून्यता । थिए नोटका बिटाहरू ।

*(मधुपर्क, लघुकथा अङ्क : २०५६ बाट साभार)*